# जेबिल्स फाइनान्स लिमिटेड

## न्यूरोड, काठमाण्डौं

चौंथो वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. वैधानिक सभा :

जेबिल्स फाइनान्स लिमिटेडको संचालक समितिको मिति २०७० पौष ०७ गते बसेको ७३ औं बैठकको निर्णयानुसार बोलाइएको चौंथो वार्षिक साधारणसभा सञ्चालक समितिको अध्यक्ष श्री विनोद कुमार मानन्धरज्यूको सभापतित्वमा देहाय बमोजिमको निर्णय गरी सम्पन्न भयो ।

२. सभाको मिति, स्थान र समय :

मिति : २०७० पौष २८ गते (तदनुसार जनवरी १२, २०१४) आईतबार ।

समय : दिनको ११:३० बजे

स्थान : नेपा ब्यान्क्वेट, पुष्पलाल मार्ग, खुसिबुँ, काठमाण्डौ ।

३. साधारण सभाको सूचना तथा प्रकाशनः

चौथों वार्षिक साधारण सभा बस्ने बारेको सूचना प्रथम पटक मिति २०७० पौष ०८ गते नागरिक राष्ट्रिय दैनिक र दोश्रो पटक मिति २०७० पौष २१ गते कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सभामा उपस्थित हुने जानकारी प्रकाशित गरिएको थियो ।

४. चौंथो वार्षिक साधारण सभाका छलफल विषयसूची :

क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०६९/०७० को संचालक समितिको बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७० साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. ०६९/०७० को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब र सोहि अवधीको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरु छलफल गरि पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७०/७१ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । ( वर्तमान लेखापरिक्षक एन. अमात्य एण्ड कम्पनी पुन : नियुक्त हुन सक्नेछ । )

ख) बिशेष प्रस्ताव

१. यस वित्तीय संस्था र अन्य कुनै पनि उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा मर्जर समिति गठन गरी गाभ्ने/गाभिने (Merger) सम्बन्धी सम्झौता गर्न र मर्जर सम्बन्धी अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध ।

घ) सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने ।

५. उपस्थिती :

५.१ संचालकहरुको उपस्थितिः

| | |
|---|---|
| (क) श्री बिनोद कुमार मानन्धर | अध्यक्ष |
| (ख) श्री लक्ष्मी लाल नकर्मी | प्रबन्ध संचालक |
| (ग) श्री बिनोद श्रेष्ठ | संचालक |
| (घ) श्री गोपाल राजभण्डारी | संचालक |
| (ङ) श्री सागर मान तुलाधर | संचालक |

५.२ पर्यवेक्षकहरुको उपस्थितिः

(क) श्री गुञ्ज दाहाल — प्रतिनिधिः श्री एन.अमात्य एण्ड कम्पनी

(ख) श्री साबित्री पौडेल — प्रतिनिधिः कम्पनी रजिष्ट्रारको कार्यालय

(ग) श्री महेन्द्र बहादुर श्रेष्ठ — निर्वाचन अधिकृत

(घ) श्री बिजय लाल श्रेष्ठ — प्रबन्ध संचालक, एन.सि.एम मर्चेण्ट बैकिङ्ग लिमिटेड

५.३ शेयरधनीहरुको उपस्थितिः

(क) स्वयम उपस्थित शेयरधनीहरुको संख्या : १९९

(ख) प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या : १९७

(ग) जम्मा उपस्थित शेयरधनीहरुको संख्या : ३९६

६. गणपूरक संख्या :

| जम्मा | | स्वयं उपस्थित | | प्रतिनिधि पत्रद्वारा उपस्थिति | | शेयर प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| शेयरधनी संख्या | शेयर संख्या | शेयरधनी संख्या | शेयर कित्ता | शेयरधनी संख्या | शेयर कित्ता | प्रतिशत |
| १६२८ | २०,००,००० | १९९ | ६,३२,८३० | १९७ | ७,३४,०४० | ६८.३४ |

७. सभाको बैधानिकता :

सर्वप्रथम सभा उद्घोषकले कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम साधारण सभा बोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ तथा वित्तीय संस्थाको नियमावली अनुसार साधारण सभा संचालन गर्न गणपुरक संख्या पुगेको सभालाई अवगत गराए पछि संचालक समितिका अध्यक्ष श्री बिनोद कुमार मानन्धरज्यूको सभापतित्वमा सभा विधिवत संचालन गरियो ।

८. छलफलको लागि आह्वान :

साधारण सभामा निर्धारित प्रस्तावहरुको विषय सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप वार्षिक प्रतिवेदन लेखापरीक्षकको प्रतिवेदन सहितको वासालात, नाफा-नोक्सान बांडफांड हिसाब तथा नगद प्रवाह विवरण समेतमा छलफलका लागि आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन सभापतिज्यूले अनुरोध गर्नु भयो ।

९. सभामा उपस्थि शेयरधनीहरुको मन्तव्य, राय, सुझाव :

छलफलमा निम्न बमोजिम शेयरधनी महानुभावहरुले मन्तव्य, राय, तथा सुझावहरु व्यक्त गर्नुभयो ।

१. श्री नरसिंह लाल चखूँ

अर्को वर्ष Earning Quality प्रबर्द्धन तथा Earning Profit लगायत नाफामा प्रबर्द्धन गरेर शेयरधनीहरुलाई आफ्नो लगानी अनुसारको प्रतिफलको लागि, Provision बढेको भएतापनि Credit Risk Management लाई ध्यान दिएर कर्जालाई Write Back गर्नेतिर, शेयर लगानी राम्रो राम्रो कम्पनीमा भएकोले खुशी लागेको साथै शेयर लगानीलाई Trading गरी नाफा कमाउन, NPL बढि भएकोले यसतर्फ सुधार गरेर अगाडि बढ्न, ROE, EPS, ROI तथा ROA लगायत क्षेत्रमा पनि ध्यान दिन, नेपालमा सबैभन्दा Risk भनेको Political Risk हो त्यसैले यसतर्फ पनि सचेत हुन तथा Operational Risk लाई ध्यान दिएर अगाडि बढ्न, Treasury लाई पनि बढि से बढि Manage गरेर अगाडि बढ्न, नेपाल राष्ट्र बैंकको विभिन्न नीति परिवर्तन भए अनुरुप संस्थाको नीतिहरु पनि परिवर्तन गर्दै जानु पर्ने भएकोले यस्ता कुराहरुले आउने समस्याहरुतिर सचेत हुंदै निराकरण गर्ने तर्फ अगाडि बढ्न, Market Strategy पनि Competition हुने भएकोले नयां नयां खालका Scheme र Product लाई लागू गर्न, कर्मचारी साथीहरुलाई motivate गरेर अगाडि बढ्न तथा उहांहरुको विभिन्न क्रियाकलापहरुलाई पनि Monitoring गर्न यी आदी कुराहरुबारे ध्यान दिन व्यवस्थापन समक्ष अनुरोध तथा आग्रह गर्न चाहन्छु । मर्जर आवश्यक कुरा भएकोले समयमै स्वस्थ मर्जर गर्नु हुन साथै संस्थाको व्यवस्थापन सुशासन, वित्तीय सुशासन, Corporate Governance तथा Management Information System सबल पक्ष रहेकोले यसलाई हामीले सकारात्मक रुपमा लिएका छौं ।

२. श्री शिव प्रसाद शर्मा

NPL धैरै भएकोले अर्को बर्ष NPL घटाउन, कर्जा लगानी गर्दा हैसियत हेरेर मात्र कर्जा लगानी गर्न, निक्षेप बढाएर १ अर्ब पुऱ्याउन, शेयर लगानी गर्दा अबस्था हेरेर मात्र लगानी गर्न र Share Hold मात्र नगरी मूल्य बढी भएको बेला बिक्रि पनि गर्न, Short Term को लागि सानो सानो लगानी गरेको खण्डमा त्यसवाट आएको प्रतिफलवाट लगानीकर्तालाई फाईदा दिन सकिने भएकोले सानो सानो लगानी गर्न संस्थाको Plan र Target समेत राख्नको निमित्त व्यवस्थापन समक्ष अनुरोध तथा आग्रह गर्न चाहन्छु

३. श्री रोज कुमार श्रेष्ठ

संस्था ५ वर्ष नभईकन गहिरो मुल्यांकन गर्ने आधार नै छैन । वार्षिक प्रतिवेदनमा तयार भएको मितिसम्ममा चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा छुट भएकोले ध्यानाकर्षण गराउन चाहन्छु । जहिले पनि तुलना गर्दा जुन अवधिको तथ्यांक लिएको हो, सोही अवधिभन्दा १ वर्ष अगाडिको तथ्यांकलाई आधार मानी तुलना गर्नु पर्छ । वासलातको Size बृद्धि भएको छ तर जगेडा कोष घटेकोले नमज्जा लागेको छ ।

प्रति शेयर आम्दानी गत वर्ष भन्दा कम भएकोले र निष्क्रिय कर्जा बढि भएकोले Loan Quality हेरेर मात्र कर्जा लगानी गर्न , सम्भाबित नोक्सानी बढी देखिएको र सम्भाबित नोक्सानी फिर्ता गराउन , बुक नेटवर्थ प्रति शेयरमा दिन, वार्षिक प्रतिवेदनमा अंकलाई पैसामा नदेखाएर निकत्तम रुपैयामा देखाउने व्यवस्था गर्न यी आदी कुराहरुबारे ध्यान दिन व्यवस्थापन समक्ष अनुरोध तथा आग्रह गर्न चाहन्छु ।

Dividend बांद्दै आएको बैंक वा फाईनान्स मर्जर पार्टनर खोजी समयमै मर्जर गर्नु पऱ्यो । आगामी वर्षमा प्रगतिको विवरण पढ्न पाउने विश्वास लिएका छौं ।

१०. शेयरधनी महानुभावहरुवाट प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रश्नहरु प्रति संचालक समितिकातर्फवाट अध्यक्ष तथा सभाका सभापती श्री बिनोद कुमार मानन्धरले दिनु भएको जवाफ सारांशको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

यस सम्मानित सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट प्रकट भएका अमुल्य राय सुझावहरुको लागि धन्यवाद दिदै उक्त राय सुझावहरुलाई मध्य नजर गर्दै गत वर्ष अर्थात आ.व.२०६९।७० मा परेका loan loss provision लाई क्रमिक रुपमा घटाउदै लैजाने अवगत गराउदछौ । जस्ले गर्दा NPL घट्नुका साथै शेयरधनी महानुभावहरुबाट औल्याएका सुचकहरुमा पनि सकारात्मक हुदै जाने विश्वास दिलाउन चाहन्छौ । आगामी दिनहरुमा Political risk, operational risk, credit risk र marketing risk लाई ध्यान दिदै कर्मचारीहरुलाई समय समयमा Motivate गर्दै गईरहेको र उहांहरुको कियाकलापहरुलाई पुर्ण रुपमा Monitoring गर्दै, संस्थाको Planning र target राख्दै, पुनरावलोकन गर्दै संस्थाको गतिबिधिलाई अगाडी वढाउदै लैजाने जानकारी गराउदछौ । आज भोलिको वजार competetive बजार भएकोले आगामी दिनहरु बजार सुहाउदो scheme तथा product ल्याउदै संस्थाको कारोबार बढाउदै लैजाने प्रयत्न गर्नेछौ Treasury लाई बढी भन्दा बढीमात्रामा Manage गर्दै लाने जस्ले गर्दा संस्थाको नाफामा बृद्धी ल्याउन सकिन्छ । नाफा हुने अर्को पक्ष भनेको Investment अर्न्तगत अहिलेको मुलत: share मा भएको लगानीमा शेयरधनीहरुका सुझाब बमोजिम उपयुक्त समयमै Trading गरी profit book गर्दै लैजाने अवगत गराउदछौ । यसरी संस्थाको बिभिन्न शिर्षकहरुबाट नाफा आर्जन गर्न सकिएमा संस्थाको जगेडा कोषमा बृद्धी हुने लगायत शेयरधनी महानुभावहरुलाई चालु आर्थिक वर्षमा उचित लांभास वितरण गर्न संस्था सक्षम हुने अवगत गराउदछौ । शेयरधनी महानुभावहरुको सुझाब बमोजिम आगामी वर्षहरुमा बुक नेटवर्थ प्रति शेयरमा राख्ने, वित्तीय विवरणमा भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा राख्ने प्रयास गर्नेछौं साथै चालु आर्थिक वर्षको तुलना गर्दा आषाढ मसान्तको तथ्यांक भन्दा पनि सोही मितिलाई प्रभाव पार्ने तथ्यांकलाई लिई तुलना गर्ने जानकारी गराउंदछौं । वार्षिक प्रतिबेदनमा आगामी वर्षहरुमा निकत्तम रुपैयामा राख्ने प्रयत्न गर्नेछौ, र मर्जर गर्दा राम्रो संस्था छानी स्वस्थ मर्जर गरिने जानकारी गराउदछौ ।

११. **पारित निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव तर्फ :**

(१) चौंथो वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री बिनोद कुमार मानन्धरले पेश गर्नु भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०६९/७० मा छलफल गरी सभाले पारित गर्ने निर्णय भयो ।

(२) वित्तीय संस्थाको आ.व. २०६९/७० को आर्थिक कारोबारको लेखापरीक्षण गरी सोको प्रतिवेदन पेश गर्नका लागि तेश्रो वार्षिक साधारणसभावाट नियुक्त लेखापरीक्षक श्री एन. अमात्य एण्ड कम्पनीले सभा समक्ष प्रस्तुत गर्नु भएको लेखापरीक्षण प्रतिवेदन र सो साथ संलग्न वासलात, नाफा-नोक्सात हिसाब र सोहि अवधिको नगद प्रवाहको विवरण, तत्सम्बन्धी अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने निर्णय भयो ।

(३) वित्तीय संस्थाको आ.व. २०७०/७१ को आर्थिक कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक एन. अमात्य एण्ड कम्पनीलाई पुनः लेखा परिक्षण गर्ने कार्यका लागि बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने र सो बापत निजलाई रु.,८५,०००/( मूल्य अभिबृद्धी कर बाहेक ) पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव तर्फ :**

(१) यस वित्तीय संस्था र अन्य कुनै पनि उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा मर्जर समिति गठन गरी गाभ्ने/गाभिने (Merger) सम्बन्धी सम्झौता गर्न र मर्जर सम्बन्धी अन्य सम्पूर्ण प्रक्रिया पूरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

**(ग) विविध तर्फ :**

विविध तर्फ छलफल गर्ने कुनै विषय नभएकोले विषय नं घ अर्न्तगत सर्वसाधारण समुहवाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरु बारे निर्वाचन अधिकृत महेन्द्र बहादुर श्रेष्ठ ज्यूलाई प्रस्तुत गरिदिनु हुन विनम्र अनुरोध गरीयो ।

**(घ) सर्वसाधारण समुहवाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन :**

मिति २०७०/०९/०८ का दिन प्रकाशित साधारण सभाको सूचनामा प्रकशित भए बमोजिम वित्तीय संस्थाको नियमावली अनुसार साधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक (पद संख्या २) को निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अधिकृत श्री महेन्द्र बहादुर श्रेष्ठद्धारा मिति २०७०/०९/२२ मा निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशित गरी मनोनयनपत्र दर्ता गर्नका लागि तोकिएको मिति २०७०/०९/२४ का दिन निम्न बमोजिमका २ जना ब्यक्तीहरुबाटमात्र उम्मेदवारी दर्ता भएकोले निजहरु निर्विरोध निर्वाचन भएको घोषणा निर्वाचन अधिकृतवाट भई साधारण सभाले अनुमोदन गऱ्यो ।

| क्र.स. | निर्विरोध निर्वाचित हुने सदस्यहरुको नाम |
|---|---|
| १. | श्री अच्युत रत्न बज्राचार्य |
| २. | श्री उमेश नकर्मी |

अन्तमा, सभाका सभापति श्री बिनोद कुमार मानन्धरज्यूवाट आ-आफ्नो अमूल्य समय दिई उपस्थित भई यस सभामा प्रस्तुत विषय सूचीहरुमा छलफल गरी निर्णय उपर महत्वपूर्ण भूमिका निर्वाह गर्नु भै सभालाई सफल पारि दिनु भएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, अन्य महानुभावहरु लगायत नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, नेपाल वित्तीय संस्था संघ, आन्तरिक राजस्व कार्यालय, आन्तरिक तथा बाह्य लेखापरीक्षक, विभिन्न संघ संस्था लगायत सम्पूर्ण शुभचिन्तकहरु तथा वित्तीय संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई समेत धन्यवाद दिनु भई चौंथो वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ...................................... | ...................................... |
| कम्पनी सचिव | अध्यक्ष |
| जितेन्द्र लाल नकर्मी | बिनोद कुमार मानन्धर |